पूर्व स्वीकृति मिति २०७९/03/२१ | LT No.266629 | चलानी नं.६०१८२५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 800 | २७,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 0 | 25 | 800 | २७,५५० | | | | | | | |
| 3 | Housekeeping | 25 | 0 | 1500 | ५१,६५५ | | | | | | | |
| 4 | Housekeeping | 0 | 25 | 1500 | ५१,६५५ | | | | | | | |
| 5 | HVAC Technician/ Multi Technician | 35 | 0 | 1800 | ६१,९८५ | | | | | | | |
| 6 | Electrician | 10 | 0 | 1200 | ४१,३२५ | | | | | | | |
| 7 | Plumbers | 5 | 0 | 1200 | ४१,३२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shanbhu Marga, Kathmandu, Nepal. Tel: +977-01-4478737,4464082

FAX:+977-01-4464082, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# कोटा प्रणाली कार्यान्वयनमा चुनौती

मुलुकमा विदेशी मुद्रा सञ्चिति घट्दै जाँदा देश आर्थिक संकटको बाटोमा छ । आयातमा निर्भर अर्थतन्त्र भएकाले नेपालमा थप चुनौती बढ्दै गएको हो । व्यापार घाटा निरन्तर बढिरहेको छ । त्यसमा इन्धनको आयातले सबैभन्दा ठूलो हिस्सा ओगटेको छ । पेट्रोलियम पदार्थको आयातमा मुलुकै अर्बौं घाटा बेहोर्नुपरिरहेको छ ।

निरन्तर घाटा चुलिँदै जाँदा नेपाल आयल निगम आर्थिक रूपमा टाट पल्टिने अवस्थामा पुगिसकेको छ । इन्धन आयात गर्न नसक्ने अवस्थातर्फ उन्मुख छ निगम । निगमलाई अहिले पनि हप्तामा अर्बौं घाटा भइरहेको छ ।

दिनदिनै बढिरहेको घाटा र आर्थिक संकटलाई मध्यनजर गर्दै निगमले इन्धनमा कोटा प्रणाली लागू गर्न सरकारलाई प्रस्ताव गरेको छ । घाटा केही भए पनि कम गर्न निगमले कोटा प्रणालीसहित विभिन्न प्रस्ताव गरेको हो । निगमले सरकारलाई पेस गरेको १० बुँदे सुझावमा मोटरसाइकललाई एक पटकमा बढीमा पाँच लिटर र कार तथा जीपलगायत साना सवारीसाधनलाई २० लिटर मात्र इन्धन बिक्री गर्ने प्रबन्ध मिलाउन भनेको छ । सार्वजनिक तथा अत्यावश्यक सेवाका सवारी साधानबाहेक सरकारी तथा निजी सवारीसाधन जोर बिजोर प्रणालीमा सञ्चालन गर्न र प्रमुख सहरमा प्रत्येक शनिबार गाडीरहित सार्वजनिक बिदाको घोषणा गर्न प्रस्ताव गरेको छ ।

पेट्रोलियम पदार्थको खपत घटाउन सरकारलाई यस्तो प्रस्ताव गरिएको निगम बताउँछ । यस्तै, विद्युतीय सवारीसाधनको प्रयोग बढाउन प्रमुख सहर र राष्ट्रिय राजमार्गमा निःशुल्क चार्जिङ स्टेसन निर्माण गर्ने तथा सार्वजनिक र निजी पार्किङस्थलमा विद्युतीय सवारीका लागि अलग्गै निःशुल्क पार्किङस्थल तोक्न निगमले सरकारलाई प्रस्ताव गरेको छ । निगमले छोटो दूरीमा सवारीसाधनको प्रयोग नगरी पैदल यात्रा गर्न आह्वान गर्न, डिजेल र पेट्रोल गाडीको आयातमा प्रतिबन्ध गर्न, ढुवानी कार्यमा प्रयोग हुने मालवाहक सवारीसाधन पूर्णक्षमतामा चलाउन, मोटरसाइकल, कार तथा सरकारी सवारीसाधनमा सिटअनुरूप यात्रु रहनेगरी सञ्चालन गर्ने व्यवस्था मिलाउन प्रस्ताव गरेको छ ।

यसअघि सरकारले पेट्रोलियम पदार्थको खपत घटाउन भन्दै आइतबारसमेत सार्वजनिक बिदा लागू गरेको थियो । तर, आइतबार सार्वजनिक बिदा व्यावहारिक र प्रभावकारी हुने नदेखिएपछि सरकार एक महिनामै उक्त निर्णयबाट पछि हटेको थियो । निगमले पुनः आइतबार सार्वजनिक बिदा गराउन सम्भव नदेखिएको भन्दै जोरबिजोर प्रणालीदेखि इन्धनमा कोटा प्रणालीसम्म लागू गर्न सुझाव दिएको हो ।

तर, निगमको यो प्रस्ताव कार्यान्वयनमा भने प्रसस्त चुनौती छन् । खासगरी इन्धनमा लगाउने भनिएको कोटा प्रणाली कार्यान्वयन हुने देखिँदैन । अहिलेकै अवस्थामा यसको अनुगमन, नियमन गर्ने कुनै संयन्त्र छैन । कुनै व्यक्तिले कालीमाटीको पेट्रोल पम्पमा कोटा अनुसारको इन्धन भरेर आउँदा टेकु वा त्रिपुरेश्वरको पेट्रोल पम्पमा फेरि इन्धन भर्न सक्छ । यसरी उसले प्रत्येक पेट्रोलसम्म पुगेर एक दिनमै फुलटचांकी इन्धन हाल्न सक्छ । यसको नियमन र अनुगमन कसरी गर्ने ? राज्यसँग कुनै संयन्त्र छैन । यो संयन्त्र बनाउन त्यति सजिलो पनि छैन । एउटा व्यक्तिले एक दिनमा कोटाभन्दा बढी इन्धन भर्न नपाउने व्यवस्था गर्न हालकै अवस्थामा सम्भव देखिँदैन ।


कुनै ट्र्याकिङ प्रणाली भएको खण्डमा यसको अनुगमन र नियमन गर्न सकिन्छ । तर, एकातिर देशमा आर्थिक संकट बढेर कोटा प्रणाली लागू गर्नुपर्ने अर्कोतिर त्यसलाई नियमन गर्न भनेर कुनै प्रणाली विकास गर्दा राज्यलाई आर्थिक भार पर्न सक्छ ।

निगमले प्रस्ताव गरेकोमा जोरबिजोर प्रणाली लागू गर्न सकिन्छ । किनकि, हामीले कोरोना संक्रमणका कारण गरिएको बन्दाबन्दी/निषेधाज्ञाका बेला यसको अभ्यास गरिसकेका छौं । प्रत्येक शनिबार गाडीरहित सार्वजनिक बिदाको पनि व्यवस्था गर्न सकिन्छ । यसका सामान्य चुनौतीहरूलाई व्यवस्थापन गर्न सकिएला । तर, निगमले भनेजस्तो अहिल्यै इन्धनका कोटा प्रणाली त्यति व्यावहारिक र पूर्ण लागू गर्न सकिने देखिँदैन । उपभोक्ता आफैंले दिनमा एक पटकभन्दा बढी इन्धन नभर्ने गरे मात्र निगमको योजना लागू कार्यान्वयन होला । कोटा प्रणालीको प्रभावकारी कार्यान्वयन हुने सुनिश्चित नभएसम्म अन्य विकल्पमा अघि बढ्नुपर्छ ।

# प्रेम, विवाह र वैदेशिक अध्ययनमा केन्द्रित 'मोचन'

▶▶ श्याम रिमाल

अमेरिका पुगेको एक नेपाली जोडीबीच भयंकर मनमुटावपछि पुरुषले पत्नीलाई परित्याग गरेको र नेपाल आएर अर्की महिलासँग विवाह गरी आफ्नो विद्यावारिधि पूरा गरेका विषयमा केन्द्रित एक उपन्यास अहिले बजारमा छ । हाल अमेरिका-नेपाल आउजाउ गरिरहने डा तुलसी आचार्यको ' मोचन' उपन्यास (फिनिक्स बुक, २०७८) को सारांश यति मात्र भए पनि यसले अमेरिकी जीवनबारे पनि केही बताएर पाठकलाई अर्कै महादेशमा लैजान्छ ।




विद्यावारिधिजस्तो उच्च शैक्षिक खुड्किलो सम्पन्न गरेर लेखकले अमेरिकामा गरिएको दुःख र संघर्षबाट ' मोचन' पाएका छन् । नेपाल-अमेरिका-नेपाल गर्दै प्राध्यापन-लेखनमा सरिक लेखकले नेपालमै स्कुल-कलेजमा अध्यापन गरेको पुरुष पात्रले अमेरिकामा कुचो लाउने, भाँडा माझ्ने आदि काम गरेको प्रसंग उपन्यासमा देखाएर विदेशमा विदेशीले गर्ने यथार्थ काम प्रस्तुत गर्ने हिम्मत गरेका छन् ।

लेखकले पछिल्ला घटनालाई अगाडि ल्याउने (फ्ल्यासब्याक) शैलीमा उपन्यासमा प्रथम पुरुष (उत्तम पुरुष)का रूपमा रहेर आफ्नो प्रेम, द्वन्द्व, वियोग, संयोग र शैक्षिक जिन्दगीको कथा बताएका छन् । तीस प्रतिशत आफ्नो जीवनका प्रसंग उपन्यासमा ल्याएका लेखकले भिन्न आर्थिक वर्गबीच हुनसक्ने द्वन्द्व र त्यसको परिणामलाई राम्ररी चित्रण गर्नाका साथै अमेरिकी जीवनलाई थोरै अंशमा भए पनि प्रस्तुत गरेका छन् ।

विवाहपूर्व नै विद्यावारिधि गर्न गएको विद्यार्थी पछि नेपाल आएर बाबुआमाको रोजाइको केटी विवाह गर्छ र उतै हानिन्छ । पछि युवककी पत्नी पनि अमेरिका पुग्छिन् र दुवै अध्ययन र कामका बीच अमेरिकाको स्वतन्त्रता र स्वच्छन्दता भोग्छन् । काम गर्ने र त्यसबाट पैसा कमाएर कलेज पढ्ने पुरुषलाई पत्नीले हरबखत विलासिताका लागि जोड दिन्छिन्, खाना बनाउने-भाँडा माझ्ने काम पनि पति प्रायः एक्लै गर्न पुग्छ । 'दुई दिनको जिन्दगी हो पैसा जोगाएर, प्याक प्याक भएर बाँच्नु छैन मलाई,' पत्नी भन्थिन् ।

उनीहरूबीच पाठकले सोच्न नसक्नेसम्मको भयंकर झगडा चल्छ, पतिले आफूलाई शारीरिक आक्रमण गरेकामा पत्नी प्रहरीसमेत गुहार्न पुग्छिन् । पढाइ सकेपछि आफू नेपाल फर्कने र नातिनातिना खेलाउने बाबुआमाको चाहना दुवैलाई उनकी पत्नी मन पराउँदिनन् । लवाइ, खवाइ र विचारजस्ता विषयमा द्वन्द्वको पराकाष्ठा पुगेपछि ऊ आफूलाई राम्रो पति हुन नसकेको महसुस गर्दै अर्की पत्नीको खोजमा हुन्छ ।

कलेजमा पढ्ने र काम पनि गर्ने पहिलेकी पत्नी आश्माबाट खुसी, शान्ति र आत्मसम्मान पाउन वञ्चित पुरुष पाँच वर्षपछि बाध्य भएर अर्की युवतीसँग 'साइबर लभ' हुँदै भौतिक उपस्थितिमै नेपाल आएर विवाह गर्न पुग्छ । जिम्मेवार र देशभक्त छोरा तथा पति बन्ने पुरुषको इच्छा र कसैको वैवाहिक जीवनमा जबर्जस्ती प्रवेश नगर्ने बरू पहिली पत्नीबाट विल्कुल प्रेम नपाउने र आफूले पनि नगर्ने भए मात्र आफू विवाहित पुरुषसँग विवाह गर्ने पछिल्ली युवती अनामिकाको विचार देखाएर लेखकले दोस्री पत्नीको प्रवेशलाई स्वाभाविक बनाउने प्रयास गरेका छन् । पत्नीलाई छाडेर केही समय नेपाल आएको पात्रसँग पहिली पत्नीले हरबखत इमेलबाट वा तन्द्रामा पनि आफूसँग प्रेमको भीख मागिरहेकी हुन्छिन् भने उसको नवप्रेमिका अनमिकासँगको प्रेम र हिमचिम बढिरहेको हुन्छ । यस्ता अवस्थामा नयाँ प्रेमिकासँग विवाह गर्ने कुरा सोच्न नसक्ने स्थितिमा पुगेको पुरुषभित्र मच्चिएको हुन्डरीलाई पनि लेखकले स्वाभाविक ढंगले यथार्थ चित्रण गर्न सकेका छन् ।

उपन्यासमा मदन आश्रित हत्याको रहस्य, गोरखा भूकम्पका प्रभाव, भारतीय नाकाबन्दी, केही असन्तुष्टिमै गाडी जाम गर्ने र सवारीसाधनमा ढुंगा हान्ने व्यवहार, पशुपतिनाथ, भक्तपुर, ओशो तपोवन आदि स्थान देखाएर हाम्रो तीर्थस्थल, इतिहास र प्रवृत्तिलाई उजागर गरेका छन् । ठाउँ-ठाउँमा विभिन्न लेखक, दार्शनिक, कवि, गायकका भनाइ, गीत कविता तथा सिसिफस, फोनिक्स चरा, सतीदेवी, इन्द्रको आसन आदिजस्ता कतिपय ग्रीक र हिन्दू मिथक तथा गीताका श्लोक उद्धृत गरेर लेखकले आफूलाई अध्येता र बौद्धिकरूपमा चिनाउन पनि खोजेका छन् । पाठकलाई सम्बोधन गर्दै लेखिएको प्रायोगिक उपन्यासमा आफूभित्रको द्वन्द्व र उतारचढाव तथा 'कष्ट तथा बाधाबन्धन आदिबाट छुट्ने काम' देखाएर शीर्षकलाई सार्थकता दिने प्रयास गरिएको छ ।

विद्यावारिधिजस्तो उच्च शैक्षिक खुड्किलो सम्पन्न गरेर लेखकले अमेरिकामा गरिएको दुःख र संघर्षबाट 'मोचन' पाएका छन् । नेपाल-अमेरिका-नेपाल गर्दै प्राध्यापन-लेखनमा सरिक लेखकले नेपालमै स्कुल-कलेजमा अध्यापन गरेको पुरुष पात्रले अमेरिकामा कुचो लाउने, भाँडा माझ्ने आदि काम गरेको प्रसंग उपन्यासमा देखाएर विदेशमा विदेशीले गर्ने यथार्थ काम प्रस्तुत गर्ने हिम्मत गरेका छन् ।

बेहुलीले विवाहमण्डपमै मोबाइल फोन उठाएको तथा पत्नीले पतिलाई तल्लास्तरका शब्द प्रयोग र व्यवहार गरेको चाहिँ हाम्रो चलन र संस्कृतिसँग त्यति मेल खाँदैन । गरिब र दासताबाट मुक्त हुन नचाहँदा नै मानिस दरिद्र हुन्छ भन्ने अनामिकाको पूजापाठमा विश्वास गर्ने र ज्योतिषी देखाएर आफ्नो भाग्य जान्न चाहने व्यक्तित्वमा भने विरोधाभास देखिन्छ ।

आश्मा र अनामिकालाई गरेका सम्झनालगायत अन्य प्रसंगहरू अनेकपटक पुनरुक्ति भएका छन् । अनामिकासँग रिसाएर हिँडेको पुरुषको तपोवनमा उनैसँग भेट हुनामा नाटकीयता देखिन्छ । पारिजातको ' शिरीषको फूल' उपन्यास पढेपछि आफ्नो जिन्दगी निस्सार प्रेममा परेको सुयोगवीरसँग पटक-पटक दाँजेको पुरुषले आखिर विनाछोडपत्र दोस्रो विवाह गरेरै छाड्छ जसलाई नेपाली कानुनी दृष्टिले ठीक ठहराउन भने सकिँदैन । वर्णविन्यास धेरै ठाउँमा गल्ती देखिन्छ । पुराणकै प्रसंग भए पनि 'विश्वामित्र'का ठाउँमा 'वशिष्ठ' र 'मेनका'का ठाउँमा 'उर्वशी' भएको छ । एकै नाम कतै जेम्स सि-डोब्सन र कतै जेम्स सिडोक्सन भएको छ । नेपालकै मोरङ, झापातिर जन्मेहुर्केका लेखकले कतैकतै मात्र ' थिएछन्' जस्तो दार्जिलिङे नेपाली भाषा प्रयोग गर्दा स्वाभाविक लाग्दैन । एक विद्यार्थीको अमेरिका प्रवेश, उसको वैवाहिक जीवन, प्रेम, उतारचढाव, दुःख र संघर्ष तथा सफलताका कथा पढ्दापढ्दै उपन्यास सकिएको पाठकलाई पत्तै हुँदैन । यही नै यसको सफलता मान्न सकिन्छ । *रासस*

## मनन्योग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ ।

क्रमशः

पत्र-मञ्जुषा

# जनता लुट्ने यातायात व्यवसायीलाई छुट किन ?

नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० को बजेट गत जेठ १५ गते सार्वजनिक गऱ्यो । अर्थमन्त्री जनार्दन शर्माले ल्याएको बजेट दुवै सदनबाट पारित भइसकेको छ । तर, अहिलेको बजेटमा पनि यातायात क्षेत्रका विषयहरू समेटिएनन् । सरकारले यातायात व्यवसायीसँग लिनुपर्ने १५ वटा शीर्षकमा राजस्व बढाइएन । २०४९ देखि २०७९ सालसम्म आइपुग्दा पनि उही राजस्व यथावत छ ।

विगत ३० वर्षदेखि यातायात व्यवसायीले तिर्नपर्ने राजस्व एक रूपैयाँ पनि बढेको छैन । तर, जनताले तिर्नपर्ने भाडाचाहिँ २० गुणाले बढेको छ । जाँचपास, बिलबुक नवीकरण, रोड परमिट, प्रदूषण, पञ्जीकरण, नामसारी, अञ्चलीकरण, पटके, २० वर्षे गाडी स्क्र्याब गर्दा लिनुपर्ने राजस्व बढेको छैन । गाडीको रङ परिवर्तन, जेब्रा क्रसमा सवारीसाधन नरोक्दा, सरकारले तोकेभन्दा बढी भाडा यात्रुसँग लिएमा कारबाहीबापत लिनुपर्ने राजस्व पनि बढेन ।

उता, ट्याक्सीको मिटर जडान गर्दा र मिटर नवीकरण गर्दा राजस्वलाई तिर्नपर्ने राजस्व पनि उही नै छ । कम्पनी र घरेलुमा लगेर पञ्जीकरण गर्दा सरकारले लिनुपर्ने राजस्व पनि बढाइएको छैन । २०४९ सालको यातायात ऐनले वार्षिक तीन पटक रोड परमिटको राजस्व तिर्ने व्यवस्था मिलाएको थियो । तर, अहिले यो पनि घटाएर बागमती प्रदेश सरकारले दुई चोटिमा झारेको छ । २०७५ माघ १८ गते प्रदेश सरकारले प्रत्येक छ महिनामा रोड परमिटको रकम तिर्ने भनेर राजपत्रमा प्रकाशित गऱ्यो । जसको कारण राज्यको ढुकुटीमा जम्मा हुने अर्बौं रूपैयाँ क्षति भयो । यसमा प्रदेश सरकारका केही घुसखोरिया र यातायात व्यवसायीको मिलोमतो देखिएको छ । यातायात व्यवसायीले ११ लाख यात्रुवाहक र ढुवानी गर्ने सवारीमा १७ खर्ब लगानी गरेका छन् । तर, राज्यले यसबाट सुको पनि राजस्व पाउँदैन । जसले जति लगानी गरे पनि अन्ततः राज्य चिल्लै ।

सरकारले तोकेको भाडादरभन्दा बढी भाडा उठाएर यातायात व्यवसायीले दिनहुँ १८ करोड ठगिरहेका छन् । २०७५ वैशाख ४ गतेको मन्त्रिपरिषद्को बैठकले संस्था ऐन २०३४ र २०१८ मा दर्ता भएको यातायात समिति र महासंघ खारेज गरेर कम्पनीमा लैजाने निर्णय गऱ्यो । संस्थाको विधानमा वा नेपालको कानुनमा यदि संस्था खारेज भएमा त्यसअन्तर्गत रहेका सम्पूर्ण चलअचल सम्पत्ति स्वतः सरकारको हुन्छ भनेर लेखिएको छ । तर, संस्था खारेज भइसकेपछि खर्बौंको चलअचल सम्पत्ति राष्ट्रियकरण गर्नपर्ने ठाउँमा व्यक्तिको नाममा गयो । केपी शर्मा ओलीको सरकारले आर्थिक चलखेल गरेर राष्ट्रियकरण गर्नपर्ने सम्पत्ति फुकुवा गरेको बुझिन्छ । यसमा त्यतिखेरका गृहमन्त्री रामबहादुर थापा र यातायातमन्त्री वसन्त नेम्वाङको पनि मिलोमतो छ । यिनीहरू भनेका देशका लागि साप हुन् । करोडको पछि लागेर खर्बौंको सम्पत्ति फुकुवाा गरियो ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले त्यसअघि गाडी धनीसँग दुईदेखि १५ लाख रूपैयाँ उठाइरहेको थियो, बाटो हेरेर । बाटो त राज्यको हो नि । तर, सोही बाटो बेचेर यातायात समितिका नेताहरू कमाउने । त्यो बाटोमा गाडी चलाउन राज्यले रोड परमिटबापत जम्मा पाँच सय रूपैयाँ पाउँछ । जनताले तिरेको करबाट निर्माण भएको बाटोमा यातायात व्यवसायीहरूले मोजमस्ती चलाएका छन् । देशभरिको बाटो यातायात व्यवसायीको कब्जामा छ । गुण्डा पालेर, राजनीतिक दललाई चन्दा दिएर उनीहरूले अहिले पनि यात्रु ठगिरहेका छन् । गैरकानुनीरूपमा एउटा गाडीबाट दैनिक सात सयदेखि दुई हजार रूपैयाँ लेबी असुलिरहेको पाइन्छ । जनता ठगेर यिनीहरूले अर्बौंको सम्पत्ति जोडेका छन् । तापनि सम्पत्ति शुद्धीकरण विभागले यिनीहरूको सम्पत्ति छानबिन गरेको छैन ।

महासंघको सदस्य बनाउने, पैसा उठाउने अनि सरकारलाई दबाब दिएर यात्रु ठग्ने । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र सार्वजनिक यातायात केन्द्रीय महासंघ तत्कालै खारेज गर्नपर्छ । सरकारले खारेज गरेको महासंघसँग गाडी पनि छैन । तर पनि पैसा उठाएर खाने क्रम रोकिएको छैन । यिनीहरू व्यवसायी होइनन् राज्य र जनता ठग्ने माफिया हुन् । ठगहरूको विरोधमा अब जनताले आवाज उठाउनुपर्छ ।

*प्रमिश शर्मा, लगनखेल*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# धरानका मेयरको आह्वानमा पाइप र डस्टबिन सहयोग

■ प्रभाव संवाददाता

**धरान–** धरानको खानेपानी व्यवस्थापन र स्वच्छ र सफा धरान बनाउन धरान उपमहानगरपालिकाका मेयर हर्कराज राई(साम्पाङ)को आह्वान अनुसार सहयोग आउने क्रम जारी रहेको छ ।

खानेपानी र स्वच्छ धरान बनाउने अभियानमा मेयर साम्पाङलाई केन्द्र मोशन पिक्चर्सको टिमले सहयोग गरेको छ । उनीहरूले २ लाख ८४ हजार बराबरको १०० मिटर को १६० एमएमको पाइप र १५ थान डस्विन हस्तान्तरण गरेको छ ।

समाजसेवी तथा गीतकार मीना सिंगकको पहलमा केन्द्र मोशन पिक्चर्सका संचालक केन्द्र लिम्बुको सौजन्यमा पाइप तथा डस्विन वितरण गरिएको हो । आइतबार केन्द्र मोशन पिक्चर्सका सिइओ अरविन लिम्बुले धरान खानेपानी व्यवस्थापन बोर्डको अध्यक्ष समेत रहेका मेयर साम्पाङलाई बोर्डको कार्यालयमा पाइप तथा डस्विन हस्तान्तरण गरेका थिए ।

उक्त पाइप खर्दुखोलाको पानी ल्याउनका लागि प्रयोग गरिने मेयर साम्पाङले बताए । खर्दु खोलाबाट खानेपानी ट्याङकीसम्म पानी ल्याउन ४५० मिटर दुरी रहेको छ । अरु ३५० मिटर पाइप व्यवस्थापन गरि चाढै खर्दु खोलाको पानी व्यवस्थापन गरिने उनले बताए ।

मेयर साम्पाङले खानेपानी व्यवस्थापन तथा धरानलाई व्यवस्थित शहर बनाउन सार्वजनिक रूपमा सहयोगको लागि आव्हान गरेका थिए । उनको आव्हान अनुसार सहयोग आउने क्रम जारी रहेको छ । खानेपानी व्यवस्थापनका लागि स्थानीयले श्रमदान पनि गर्दै आएका छन् ।

## १३ जनाको ज्यान...

पृष्ठ १ बाट जारी

६० वर्षीय ठूला तामाङ, सोही ठाउँकी ३६ वर्षीया सन्जु आले, ३६ वर्षका खडकबहादुर विक, २६ वर्षकी समरिता तामाङ, २२ वर्षीया विपना तामाङ, ४५ वर्षीय रामबहादुर श्रेष्ठ, २४ वर्षीय वृद्ध तामाङ र ६० वर्षीय नेमा तामाङ रहेका छन् । यस्तै, काभ्रेकी ६० वर्षीया शुभलक्ष्मी मानन्धर, सोही जिल्लाका २७ वर्षीय कमल तामाङ, काभ्रे पाँचखालका ४० वर्षीय कुलबहादुर विक र सोही ठाउँका १८ वर्षीय सुदीप गजमेरको पनि मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ ।

दुर्घटनामा रामेछाप जिल्ला सुनापती गाउँपालिका-५ बस्ने वर्ष ४५ का लालसिङ तामाङको टाउकोमा गम्भीर चोट लागि अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । त्यस्तै वर्ष ५८ का मानबहादुर तामाङको दुवै खुट्टा र टाउकोमा चोट लागेको छ भने सोही ठाउँ बस्ने वर्ष ३४ का आशिष तामाङको मुख र टाउकोमा चोट लागेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

सोही ठाउँ बस्ने वर्ष ४५ का जुना मगर, वर्ष ३५ की शोभा श्रेष्ठ, वर्ष ५८ का गोमा खड्का, वर्ष ६२ की अमिका खड्का, वर्ष ४५ की कान्छीमाया तामाङ, वर्ष २४ का गंगा घले, वर्ष ५६ का बुद्धिलाल श्रेष्ठ, वर्ष ७ का बुद्ध विक, वर्ष ५५ का चन्द्र श्रेष्ठ, वर्ष ८० का ठूलोसिंह तामाङ, वर्ष १६ की सरस्वती खाती, वर्ष ४० की डम्बरकुमारी खाती, वर्ष ४९ की कान्छीमाया तामाङ र वर्ष २३ की सविना घिसिङ पनि घाइते भएका छन् ।


## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

दोस्रोपटक प्रकाशित मिति : २०७९/०३/२२ गते

यस कम्पनीको मिति २०७८/१२/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **एशियन एकोमोडेशन एण्ड विजनेश प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **सेन्ट्रल ल इन्ष्टिच्युट प्रा.लि.**(नाम परिवर्तन) नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०१/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सेन्ट्रल ल इन्ष्टिच्युट प्रा.लि.** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## विश्व विद्यालयको सम्बन्धन परिवर्तन तथा कलेज स्थानान्तरण सम्बन्धमा

साविकको का.जि.का.म.न.पा. वडा नं. ३१ मिनभवन स्थित **निशा एजुकेशनल फाउण्डेशन**द्वारा सञ्चालित अमेरिकाको **डेल्टा इन्टरनेशनल युनिभर्सिटी**, अमेरिकाबाट सम्बन्धन लिई शिक्षा मन्त्रालयबाट ४ वर्षे विविए र २ वर्षे एमविए अनुमति प्राप्त **नोभा इन्टरनेशनल कलेज** अब उप्रान्त **इन्टरनेशनल अमेरिकन युनिभर्सिटी**, (International American University) USA, California को सम्बन्धनबाट सञ्चालन हुने तथा स्नातक र स्नातकोत्तर का विषयहरु थप हुने प्रक्रियामा रहेकाले भौतिक व्यवस्थापन सहजताका लागि थप गरिएका विषयहरुको शैक्षिक क्रियाकलाप काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २८ बागबजार हुने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कहिँ कसैको केही दाबी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित कलेजमा सम्पर्कका लागि अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर: ०१४७९००३०, ०१४७९०२६६**

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहाएको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| SN | Description of Goods | Shape /Size | Brand | Model No | Country of Production | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Range Hood (Chimney) | T-Shape | Smart Touch | HS9010-36 | China | Pcs | 7870 |
| 2 | Range Hood (Chimney) | T-Shape | Smart Touch | HAS9001 | China | Pcs | 7650 |
| 3 | Gas Stove | Rectangle | Smart Touch | MSD-73WF | China | Pcs | 6810 |
| 4 | Infrared Stove | Rectangle | Smart Touch | MSG-5005F | China | Pcs | 10420 |

Importer: Tamu Appliances Supplier | Contact No. 01-4812152
Address: Kapan, Kathmandu | VAT/PAN No. 301360366

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TAHEEL ONAIZAH ASSOCIATION FOR DEVELOPMENT AND HUMAN SERVICES**

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | LT No. 266721 | चलानी नं. ६०१८२६००

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Surface Cleaning Labor | 14 | 0 | 1000 | ३३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौमा असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-4355897
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DYNAMIC BUILDING SYSTEM SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०३/२० | LT. No.266508 | चलानी नं.६०१८२५५३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९
**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PANAGAWA SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | LT No.266528 | चलानी नं.६०१८२५६२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**Kingfisher Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## ZERO COST RECRUITMENT FOR MALAYSIA
## सून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

**Free Visa! Free Ticket, Free Medical. No Any Service Charge**

**नि:शुल्क भिषा, टिकट, स्वास्थ्य जाँच र कुनैपनि सेवा शुल्क नलाग्ने**

कम्पनी : **AIC INGREDIENTS SDN BHD**

Pre Approval Date : 2022-07-05 | LT. No. 266497 | Invoice No. 60182590
पूर्व स्वीकृति मिति : २०७९/०३/२१ | एल टि न. २६६४९७ | चलानी नं. ६०१८२५९०

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary: रिंगिट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | सामान्य कामदार General Worker | १५ 15 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,९४५ 42,945 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Candidates are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. If any one pays for this recruitment MHR do not have any responsibilities .**

यस मास ह्युमन रिसोर्स प्रा.लि को कुनै शाखा वा मध्यस्वकर्ता छैनन् । यस कम्पनीमा जानका लागि कामदारबाट कुनैपनि शुल्क लिइने छैन यदि कसैले लिएमा यस प्रा. लि. जिम्मेवार हुने छैन ।

**नोट:** MHR holds zero tolerance towards any kind of corruption, misconduct. All our valuable stakeholders are welcome to reach us through our hotline no. **+977-1-4983080** or email : **grievance.massmngt@gmail.com** directly. MHR will maintain your privacy.

हामी कुनैपनि प्रकारको भ्रष्टाचार/ दुराचार प्रति शून्य सहनशीलता राख्छौं । हाम्रा सबै मूल्यवान सरोकारवलाहरुल( ई हाम्रो हटलाइन नम्बर वा इमेल मार्फत सम्पर्क गर्न अनुरोध छ । हामी तपाईको गोपनियता कायम राख्नेछौं ।

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौ मिति : असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, KTM, Nepal, TEL: 4983088, 4955765

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SAMJIN INDUSTRIAL CO.LTD**

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | LT. No. 266564 | चलानी नं. ६०१८२६२२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 15 | 0 | 800 | २७,५६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Rigger | 25 | 0 | 1145 | ३९,४५० | | | | | | | |
| 3 | Scaffolder Labourer | 25 | 0 | 1145 | ३९,४५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौ मिति : असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**
श्रम ईजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ASAM SA**

पूर्व स्वीकृति मिति २०७९/०३/२० | LT. No.266516 | चलानी नं. ६०१८२५८६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: USD | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 120 | 0 | 550 | ६९,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **LOZLUX KONSTRUCT SRL**

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | LT. No.266511 | चलानी नं. ६०१८२५८९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: USD | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 80 | 20 | 550 | ६९,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौमा असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ७०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**बि.डी. ग्रुप म्यनपावर प्रा. लि.**
श्रम ईजाजत नं. १३७२/०७४/०७५
सामाखुशी-१४ टोखा, काठमाडौं नेपाल फोन नं. ०१-४९५९२२०
फ्याक्स नं. ०१-४३५९२२० इमेल :- bdgroupmanpower1@gmail.com
वेवसाइट :- bdgroupnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TIAN DRAGON TRADING**

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | LT. No. 266699 | चलानी नं.६०१८२५९९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 15 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौ, मिति: असार २९ र ३० गते (13 & 14th July. 2022) मा हुनेछ ।**

कम्पनी : **TLH PLANTATIONS SDN BHD**

पूर्व स्वीकृति मिति २०७६/११/२० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०३/२१ | LT. No. 234459 | चलानी नं.६०१३२५४४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 6 | 0 | 1200 | ३४,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौ, मिति: असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSES P. LTD.** Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GRIMEKLEEN MAINTENANCE SERVICES SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | LT. No. 266644 | चलानी नं. ६०१८२५८०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 60 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **VSP TECHNOLOGY (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७६/११/२० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०३/२१ | LT. No. 233902 | चलानी नं. ६०१३२८१२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 26 | 0 | 1200 | ३४,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौमा असार २९ गते (13th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रोजगारदाता आफैले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066
**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com


# प्रभाव दैनिक






## फ्रेञ्चाइजी फिल्मबाट टाढिँदै जेम्स क्यामरून

फिल्म निर्माता जेम्स तथा निर्देशक जेम्स क्यामरून आफ्नो फिल्म 'अवतारः द वे अफ द वाटर'को रिलिजको पर्खाइमा छन् । उनले हालैमात्र आफू तेस्रो सिक्वेल पछि फ्रेञ्चाइजी फिल्मको निर्देशन नगर्ने खुलासा गरेका छन् । उनले आफू अन्य परियोजनाका लागि पेण्डोराको दुनियाँलाई पछाडि छोड्ने विचार गरिरहेको बताएका हुन् । उनले फ्रेञ्चाइजको बाँकी योजना अन्य निर्माताको हातमा छोड्ने जनाए ।




बुधबार, २२ असार २०७९ (Wednesday, July 6, 2022)


# भानुभक्तको जन्मजयन्तीमा राष्ट्रिय कविता प्रतियोगिता हुने



■ प्रभाव संवाददाता

**तनहुँ–** राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको दुई सय नवौं जन्मजयन्तीका अवसरमा आयोजना गरिएको राष्ट्रियस्तरको खुल्ला कविता प्रतियोगिताका लागि ३५ जिल्लाबाट कविता प्राप्त भएको छ ।

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले भानुभक्तको जन्मजयन्तीका अवसरमा आयोजना गर्न लागेको खुल्ला कविता प्रतियोगिताका लागि ३५ जिल्लाबाट कविता प्राप्त भएको हो । कविता पठाउने अन्तिम दिन सोमबारसम्म सो कविता प्राप्त भएको समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिए । उनका अनुसार प्रतियोगिताका लागि ८७ जनाको कविता प्राप्त भएको छ । उक्त कविताहरू असार २८ गते वाचन गरिनेछ । कविता वाचनका लागि प्रतियोगी स्वयं उपस्थित हुनुपर्ने रानाभाटले बताए । विकास समितिले भानुभक्तको जन्मजयन्ती तीन दिन विविध कार्यक्रमका साथ मनाउँदैछ ।

सोही क्रममा चुँदीरम्घामा कविता प्रतियोगिता आयोजना गरिएको छ । कविता प्रतियोगिताका लागि नुवाकोट, ओखलढुङ्गा, चितवन, काठमाडौँ, कास्की, रूपन्देही, तनहुँ, सुनसरी, बैतडी, मकवानपुर, बारा, रोल्पा, बर्दिया, झापा, कैलाली, नवलपरासी, खोटाङ, स्याङ्जा, पर्वत, कपिलवस्तु, भक्तपुर, लमजुङ, पाल्पा, सिन्धुपाल्चोक, गोरखा, इलाम, सिराहा, धनुषा, नवलपुर, रामेछाप, ताप्लेजुङ, अछाम, ललितपुर, दोलखा र गुल्मीबाट सहभागीले कविता पठाएका छन् ।

प्रतियोगितामा प्रथमलाई रु २० हजार, द्वितीयलाई रु १५ हजार, तृतीयलाई रु १० हजार र सान्त्वना हुने दुई जनालाई जनही रु पाँच हजारका दरले पुरस्कार वितरण गरिनेछ । कविता नेपाली भाषामा लेखिएको हुनुपर्ने, युनिकोडमा टाइप गरेको हुनुपर्ने, कविता कसैको व्यक्तिगत चरित्र, राष्ट्र, धर्म, जातजाति र राजनैतिक आक्षेप लगाउने किसिमको हुन नहुने जनाइएको छ ।

भानुजयन्तीका अवसरमा असार २७ गते स्थानीय मठमन्दिरमा पूजाअर्चना र साँझ दीपावली, २८ गते भानुभक्तीय रामायण वाचन प्रतियोगिता, राष्ट्रियस्तरको खुल्ला कविता प्रतियोगिता र विद्यालयस्तरीय खुल्ला कविता प्रतियोगिता, असार २९ गते प्रभातफेरि, भानुभक्तको सालिकमा माल्यार्पण, श्रद्धाञ्जलि सभा, साहित्य तथा सांस्कृतिक कार्यक्रम गरिनेछ । विसं १८७१ असार २९ गते भानु नगरपालिका-४ चुँदीरम्घामा आचार्यको जन्म भएको थियो । भानु जयन्तीका अवसरमा गण्डकी प्रदेश सरकारले असार २९ गते सार्वजनिक बिदा दिएको छ ।

मोतिराम भट्टले भानुभक्तलाई नेपाली भाषाका आदिकवि उपाधि दिएका थिए । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधूशिक्षा लगायतका कृति लेखेका छन् भने उनका पाण्डुलिपिलाई सङ्गह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उनी नेपाली साहित्यमा चिनिएका थिए ।

# 'मिस्टर एण्ड मिस टिन वर्ल्ड नेपाल' को दोस्रो संस्करण घोषणा

**काठमाडौं–** 'मिस्टर एण्ड मिस टिन वर्ल्ड नेपाल' को दोस्रो संस्करण घोषणा भएको छ । आयोजक फेलिज इन्टरनेशनलले मंगलबार राजधानीमा पत्रकार सम्मेलन गरेर प्रतियोगिताको आवेदन समेत खुल्ला भएको जनाएको हो ।

पहिलो संस्करण २०१७ मा आयोजना भएको प्रतियोगिताको अहिले दोस्रो संस्करण आयोजना हुन लागेको हो । १६ देखि २१ वर्षसम्मका युवायुवतीले भाग लिन पाउने प्रतियोगीता मोडलिङ्ग तथा अभिनय पेशामा आवद्ध हुन चाहनेका लागि अवसर पनि हो ।

एसईई तथा प्लस टु परीक्षा दिएर बसेका विद्यार्थीहरूको फुर्सद सदुपयोग गर्दै उनीहरूको आत्मविश्वास, कार्यक्षमता अभिवृद्धि तथा जनसम्पर्क स्थापनामा ठूलो मद्दत पुऱ्याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकको भनाइ छ ।

प्रतियोगिताका विजेताले १० अक्टोबरमा टर्कीको इस्तानबुलमा आयोजना हुने 'टप मोडल अफ युनिभर्समा' नेपालको प्रतिनिधित्व गर्ने अवसरका



अलवा द ब्रिटिस कलेजमा रु २० लाख रूपैयाँसम्मको छात्रवृत्ति, आयोजकका तर्फबाट नगद पुरस्कार रु १ लाख तथा विभिन्न उपहारहरू समेत प्राप्त गर्नेछन् ।

त्यस्तै फर्स्ट रनरअप तथा सेकेण्ड रनर अपले व्रिटिस कलेजबाट रु. १५ लाखसम्मको छात्रवृत्ति तथा सहभागीले पहिलो बर्ष अध्ययनका लागि पचास प्रतिशत छात्रवृत्ति प्राप्त गर्नेछन् ।

प्रतियोगिताको निर्णायकमा पूर्व मिस नेपाल उषा खड्गी, अभिनेता सलोन बस्नेत, सलिन मान बानियाँ, मोडल पूजा गिरी, कोरियोग्राफर रोजिन शाक्य लगायतका रहेका छन् । निर्णायकले अडिसन तथा विभिन्न प्रतिस्पर्धा मार्फत यस प्रतियोगिताका विजेता छनौट बताइएको छ । अडिसन जुलाई १६ मा द ब्रिटिस कलेज, थापाथलीमा आयोजना हुनेछ ।

'मिस्टर एण्ड मिस टिन वर्ल्ड नेपाल' युवा युवतीको विकासमा ठूलो मद्दत पुऱ्याउने अपेक्षा गरेको आयोजक फेलिज इन्टरनेशनलका निर्देशक तथा टप मोडल अफ युनिभर्सका कन्ट्री डाइरेक्टर साहिल खानले बताए ।

प्रतियोगिताका यस अगाडिका विजेताले भने ब्राजिलको साउ पाउलोमा आयोजना भएको ' मिस टिन वर्ल्ड तथा मिस्टर टिन वर्ल्ड' मा सहभागिता जनाएका थिए । जसमा 'मिस्टर टिन वर्ल्ड नेपाल' विजेता पंकज सिंह ठकुरी ब्राजिलमा फर्स्ट रनर अप भएका थिए, भने 'मिस टिन वर्ल्ड' नेपाल शीर्षक विजेता स्वस्ती वैद्यले बेष्ट स्माईल तथा बेष्ट नेसनल कस्ट्युम टाइटल नेपाल भित्र्याएकी थिइन् । कार्यक्रममा प्रतियोगीताको निर्णायक समेत रहेकी पूर्वमिस उषा खड्गीले सौन्दर्य प्रतियोगीताले व्यक्तित्व विकाश मात्र गर्ने नभएर अवसरको समेत सिर्जना गर्ने बताइन् ।

# पोस्ट प्रोडक्सनमा पौरखीको 'मिलन'

**काठमाडौं (प्रस)–** आगामी कात्तिकको पहिलो सातामा प्रदर्शन हुने तयारीमा रहेको नयाँ नेपाली फिल्म 'मिलन' यतिबेला पोस्ट प्रोडक्सनमा छ । ६ महिनाअघि छायांकन सकिएको फिल्मको हालै डबिङको काम सकिएको छ ।

फिल्ममा कुशल शाह ठकुरी, सलोन बस्नेत, शिल्पा थापा, शिशिर वाङ्देल, विशाल पहाडी, जानुका पौडेल (प्याकुली) लगायतका कलाकारको मुख्य भूमिका रहेको छ ।

निर्देशक टेक पौरखी राईले प्रेम कथामा आधारित फिल्ममा कुशल, सलोन र शिल्पाको त्रिकोणात्मक प्रेम कथा हेर्न पाइने बताए । निर्देशक राईले यसअघि 'मट्टीमाला' र 'माया पिरिम' निर्देशन गरिसकेका छन् । फिल्ममार्फत कुशल शाह ठकुरी र शिल्पा थापाले डेब्यू गरेका हुन् । फिल्ममा कविराज गहतराजको कोरियोग्राफी, प्रताप दास, कौसल खड्का, कृष्ण केसी, प्रविशा अधिकारी, अस्मिता अधिकारी र बबिना किराँतीको स्वर, राहुल राईको छायांकन, तारा थापा 'किम्भे'को सम्पादन छ । फिल्म काठमाडौं र कालिञ्चोकमा छायांकन गरिएको हो ।

## रंगशाला

# भारतविरुद्ध इङ्ल्यान्डको कीर्तिमानी जित



■ प्रभाव संवाददाता

**लन्डन–** घरेलु टोली इंग्ल्यान्डले भारतविरुद्धको पाँचौ तथा अन्तिम टेस्टमा ७ विकेटको जित निकालेको छ । इंग्ल्यान्डको जितसँगै ५ खेलको टेस्ट सिरिज २-२ को बराबरीमा सकिएको छ ।

भारतले दिएको ३ सय ७८ रनको लक्ष्य इंग्ल्यान्डले पाँचौं दिन पहिलो सेसनमा ३ विकेट गुमाएर पूरा गर्यो । इंग्ल्यान्डको यो कीर्तिमानी जित हो । इंग्ल्यान्डले टेस्ट क्रिकेटमा पूरा गरेको यो सर्वाधिक ठूलो योगफल हो ।

इंग्ल्यान्डलाई अन्तिम दिन जितका लागि १सय १९ रन आवश्यक रहेको थियो । ७२ रनका साथ जोनी बेयस्ट्रो तथा ७६ रनसहित जोय रुट क्रिजमा रहेका थिए । अन्तिम दिन दुबैले शतक पूरा गर्दा इंग्ल्यान्ड ७६ ओभर ४ बलमा विजयी भयो ।

पूर्व कप्तान रुट १ सय ४२ रनमा अविजित रहे । बेयस्ट्रो पनि १ सय १४ रन अविजित रहे । यस्तै एलेक्स लिजले ५६ रनको अर्धशतकीय खेल्द ज्याक क्रलीले ४६ रन बनाए ।

भारतका लागि कप्तान जसप्रित बुमराहले २ विकेट लिए । पहिलो इनिङमा १ सय ३२ रनको फराकिलो अग्रतासहित दोस्रो इनिङ थालेको पाहुना टोलीले थप २ सय ४५ रन जोड्न सफल रह्यो । उसका चेतेश्वर पुजाराले ६६ तथा ऋषभ पन्तले ५७ रन जोडे ।

भारतलाई सस्तैमा समेट्न इंग्ल्यान्डका कप्तान बेन स्टोकले ४, स्टुअर्ड ब्रोड र म्याथ्यु पोटले समान २-२ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले पहिलो इनिङमा ऋषभ पन्त र रविन्द्र जडेजाको शतकको सहयोगमा ४ सय १६ रन बनाएको थियो । पन्तले १ सय ४६ रन बनाउदा जडेजाले १ सय ४ रन बनाए ।

इंग्ल्यान्डका जेम्स एन्डरसनले ५, म्याथ्यु पोटले २ तथा स्टुअर्ड ब्रोड,जो रुट र बेन स्टोकले समान १-१ विकेट लिए ।

जोनी बेयस्ट्रोले १ सय ६ रनको शतकीय पाली खेलेपनि पनि इंग्ल्यान्डले पहिलो इनिङमा २ सय ८४ रन मात्र बनाउन सक्यो । इंग्ल्यान्डलाई कम रनमा रोक्न मोहम्मद सिराजले ४, कप्तान बुमराहले ३, मोहम्मद सामीले २ तथा सार्दुल ठाकुरले १ विकेट लिए ।

# भलिबल प्रशिक्षक चन्दको बिदाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् तालिम तथा प्रशिक्षण विभाग अन्तरगत कार्यरत नायव बरिष्ठ भलिबल प्रशिक्षक जयन्द्र बहादुर चन्दलाई मंगलबार बिदाइ गरिएको छ ।

एक कार्यक्रमबिच विभागका निर्देशक अर्जुन बिकले मायाको चिनोले सम्मान गर्दै चन्दलाई बिदाइ गरे । चन्दलाई पूर्व निर्देशक एवं बरिष्ठ भलिबल प्रशिक्षक हरिहर श्रेष्ठले सम्मान पत्र प्रदान गरेका थिए । सो अवसरमा अर्का पूर्व निर्देशक पार्थ सारथी सेन गुप्तको पनि उपस्थिती रहेको थियो । बि.सं. २०५२ आश्विन १ गते राष्ट्रिय खेलकुद परिषदमा भलिबल सहायक प्रशिक्षकको रूपमा सेवा प्रवेश गरेका चन्दले उमेर हदका कारण अनिवार्य अवकास प्राप्त गरेका हुन् ।

चन्दलाई सम्मान सहित बिदाई गर्दै निर्देशक बि.क.ले लामो समय एकै ठाउँमा कार्य गर्दा सेवाका सिलसिलमा कहिले काँही तिता मिठा कुरा भए त्यसलाई मनमा नलिन भन्दै अवकास प्राप्त गर्दै गरेका चन्दको अनुभवलाई आगामी दिनमा पनि खेलकुदको विकास र विस्तारमा प्रयोग गर्ने बताए ।

यस्तै अवकास प्राप्त गर्दै गरेका चन्दले सेवाका सिलसिलमा भएका गल्ती कमजोरीलाई अन्तरमनमा नलिन भन्दै खेलकुदको विकास र विस्तारमा आफु सदा लाग्ने बताए । कार्यक्रममा विभाग अन्तरगतका उपनिर्देशक, प्रशिक्षक तथा कर्मचारीहरूको उपस्थिती रहेको थियो ।

# कप्तान रेनुकाले साफ च्याम्पियनसिप गुमाउने

**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान रेनुका नगरकोटीले घरेलु मैदानमा हुने महिला साफ च्याम्पियनसिप गुमाउने भएकी छिन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले मंगलबार रेनुका १० हप्ता चोटबाट बाहिर रहने जानकारी गराएको हो ।

सोमबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा प्रशिक्षण दौरान रेनुकालाई चोट लागेको थियो । १९औं एसियन गेम्सको लागि प्रशिक्षणमा रहेकी रेनुकाको घाँटीमुनिको बायाँ हड्डी भाँचिएपछि ग्वार्कोस्थित बि एण्ड बि अस्पतालमा शल्यक्रिया गरिएको थियो ।

रेनुका १० हप्ता मैदान बाहिर रहेसँगै लगातार दोस्रो पटक घरेलु मैदानमा हुने साफ च्याम्पियनसिप गुमाउने सम्भावना रहेको मुख्य प्रशिक्षक बालगोपाल महर्जनले जानकारी गराए । '६-७ हप्ता मैदान बाहिर भनेको भए पनि उसले खेल्न गाह्रो नै हुन्थ्यो । शारीरिक व्यायामदेखि लिएर खेल्न डर, त्रासदेखि सबै कुरा हुन्छ,' महर्जनले भने ।

रेनुकाले चोट बोकेसँगै अनुभवी खेलाडी गुमाउँदा टिमलाई समस्या हुने र प्रतियोगिताका लागि अझै समय बाँकी रहेका कारण अन्य खेलाडीलाई तयारी गर्ने महर्जनले बताए ।

अघिल्लो साता दक्षिण एसियाली फुटबल महासंघ (साफ) को बसेको बैठकले साफ च्याम्पियनसिप भदौ १३ देखि २५ गतेसम्म नेपालमा सञ्चालन हुने निर्णय गरेको थियो ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले निम्न मुलुकबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य(MRP*) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Video Camera | (180x173x311) mm | Panasonic | AG-CX350 | 1" MOS Sensor | China | Pcs. | NPR | 4,64,000 | |
| 2 | Video Camera | (169x195x349) mm | Panasonic | AG-UX-90 | 1" MOS Sensor | China | Pcs. | NPR | 2,20,000 | |

विक्रेता/फर्मको नामः Soheto Nepal Pvt. Ltd. भ्याट नं. : 302322990
ठेगानाः टेकू, फोन नं.: 5354488 एक्जिम कोडः 3023229900116NP

*भ्याट (VAT) सहित
*Price may subject to change without prior notice.

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SELECTIVE MANPOWER SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०७८/०८/०२ पून विज्ञापन स्वीकृति मिति २०७९/०३/२१ LT. No. 250799 चलानी नं. ६०१६७९६४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Motorcyclist | 200 | 0 | 2050 | ७०,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार २९ गते (13th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GANDAKI OVERSEAS CONCERN PVT.LTD.
श्रम ईजाजत नं. ११५/०५५/०५६
Alok Nagar, Min Bhawan,Kathmandu Nepal
Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com

श्रीलंकाका प्रधानमन्त्रीले भने-

# आइएमएफसँगको वार्ता जारी छ



**कोलम्बो (श्रीलंका)**– श्रीलंकाका प्रधानमन्त्री रनिल विक्रमासिंघेले मंगलबार देशले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) सँग वार्तामा भाग लिइरहेको बताएका छन् ।

आर्थिक पुनरुत्थान योजनाका सम्बन्धमा मंगलबार संसद्मा सम्बोधन गर्नेक्रममा संकटग्रस्त देशका प्रधानमन्त्रीले आइएमएफसँग वार्ताको चरण सफलतापूर्वक सम्पन्न भएको बताएका हुन् ।

‘हाम्रो देशले यसअघि पनि धेरै पटक आइएमएफसँग वार्ता गरिसकेको छ । तर, यस पटकको अवस्था विगतका ती सबै अवसरभन्दा फरक रहेको,’ उनले संसद्मा भनेका छन्, ‘हामी अब आर्थिकरूपमा टाट पल्टेको देशका रूपमा वार्तामा भाग लिइरहेका छौं । त्यसैले हामीले अघिल्लो वार्ताभन्दा बढी कठिन र जटिल परिस्थितिको सामना गर्नुपरेको छ ।’

श्रीलंकाले सन् १९४८ मा स्वतन्त्र भएपछि सबैभन्दा खराब आर्थिक संकटको सामना गरिरहेको छ जसले टापु राष्ट्रमा खाद्यान्न, औषधि, खाना पकाउने ग्यास र इन्धनजस्ता अत्यावश्यक वस्तुको तीव्र अभाव भएको छ ।

विदेशी ऋण चुक्ताको कारणले गर्दा तीव्र विदेशी मुद्रा संकटमा परेको देशले अप्रिलमा उसले यो वर्षको लागि २५ बिलियन अमेरिकी डलर २०२६ सम्म बाँकी रहेको लगभग सात अर्ब अमेरिकी डलरको विदेशी ऋण चुक्ता स्थगन गरिरहेको छ । श्रीलंकाको कुल विदेशी ऋण ५१ बिलियन अमेरिकी डलर रहेको छ ।

प्रधानमन्त्री विक्रमासिंघेले कर्मचारी तहको सम्झौता भएपछि यसलाई स्वीकृतिका लागि आइएमएफको बोर्ड अफ डाइरेक्टरमा पेस गरिने उल्लेख गरेका छन् । यति कठिनाइका बाबजुद पनि छलफल प्रभावकारी ढंगले टुंग्याउन सफल भएको, कर्जाको पुनर्संरचना, दिगोपनसम्बन्धी योजना वित्तीय तथा कानुनी विज्ञ लाजार्ड, क्लिफर्ड चान्स, अन्तर्राष्ट्रिय कानुनी संस्थाले तयार पारेको उनले बताएका छन् । ‘हामी यो प्रतिवेदन अगस्टसम्म आइएमएफलाई बुझाउने आशा गर्छौं,’ उनले थपे ।

संसद्मा सम्बोधन गर्दै प्रधानमन्त्री विक्रमासिंघेले योजना स्वीकृत भएपछि चार वर्षको अवधिका लागि बृहत् ऋण सहायता कार्यक्रम तयार गरिने बताएका छन् । ‘अहिले हामी त्यही बाटोमा लागेका छौं,’ उनले भने । उनले कर्मचारी तहको सम्झौता प्राप्त गरेपछि श्रीलंकालाई मुख्य ऋण दिने देश भारत, जापान र चीनसँग पनि ऋण सहायता सम्मेलन आयोजना गर्ने बताए ।

‘हामीलाई ऋण सहायता प्रदान गर्ने मित्रराष्ट्र भारत, चीन र जापानलाई एकै ठाउँमा ल्याएर दाता-सहायता सम्मेलन आयोजना गर्नेछौं । हामी साझा सम्झौताबाट ऋण सहायता प्राप्त गर्नसक्ने प्रणाली बनाउने आशामा छौं,’ उनले थपेका छन् ।

आर्थिक संकटले विशेषगरी खाद्यसुरक्षा, कृषि, जीविकोपार्जन र स्वास्थ्य सेवामा पहुँचलाई प्रत्यक्ष असर गरेको छ । गत वर्षको तुलनामा पछिल्लो बाली लगाउने मौसममा खाद्यान्न उत्पादन ४०-५० प्रतिशतले कम थियो र हालको कृषि सिजन बीउ, मल, इन्धन र ऋणको अभावका कारण थप जोखिममा परेको छ । श्रीलंका खाद्य र कृषि संगठनद्वारा उल्लेख गरिएका केही राष्ट्रमध्ये एक हो जुन यस वर्ष विश्वव्यापी खाद्य अभावको कारणले खाद्यान्नविहीन हुने अपेक्षा गरिएको छ ।

*रासस/एएनआई*

## मानवीय सहायता उपलब्ध गराउन अपिल

**जुबा**– सुडानका लागि संयुक्त राष्ट्रसंघले मानवीय सहायताको अपिल गरेको छ । संयुक्त राष्ट्रसंघले दक्षिण सुडानका लागि तत्काल कम्तीमा पनि ४० करोड अमेरिकी डलर बराबरको सहायता जरुरी परेको भन्दै सोका लागि अपिल गरेको हो । दक्षिण सुडानका लागि संयुक्त राष्ट्रसंघीय विशेष प्रतिनिधि सारा वियोस्लो नान्तीले सो अपिल गरेको समाचारमा जनाइएको छ । अहिले दक्षिण सुडानमा खाद्यान्नदेखि अन्य न्यूनतम मानवीय सहायताको पनि खाँचो परेकाले तत्कालका लागि यो रकम आवश्यक परेको उनको भनाइ छ । उनले भनेका छन्, ‘हामीले यो सहयोग रकम विश्वसँग नै अपेक्षा गरेका छौं, हामीलाई लाग्छ दक्षिण सुडानका नागरिकका लागि कुनै न कुनै रूपमा तत्कालै यो रकमको आवश्यकता परेको छ ।’

अन्य सहायताका अतिरिक्त अहिले नै यहाँका महिला तथा बालबालिकालाई खाद्यान्नको आवश्यकता रहेको र उनीहरूलाई अझ बढी पोषणको पनि जरुरत रहेको उनले बताएका छन् ।

आवश्यक पोषण र खाद्यान्नको अभावमा यहाँका बालबालिका कुपोषणको सिकार भइरहेका र कतिपय स्थानका नागरिकले खाद्यान्न र औषधिजस्तो आधारभूत आवश्यकता नै पाउन नसकेका भन्दै यसअघिदेखि नै संयुक्त राष्ट्रसंघले दक्षिण सुडानका लागि सहायताको जरुरत परेको बताउँदै आएको थियो । *रासस/सिन्ह्वा*


## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०३/१७ गते निम्न विवरणको कालो रातो रङ्को Pulsar 220CC Model को मोटरसाइकल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं.९, म्याग्दीचोक सडक किनारामा रोकि राखिएको अवस्थामा रातको अन्दाजी ११:२० बजेको समयमा हराएको भएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : पुन्य नारायण श्रेष्ठ
बाइक नं. : बा.प्र ०२-०३४ प.५२२९
च्यासिस नं.:MD2A13EX8MCG-93264
इन्जिन नं. : DKXCMG-25556
मो. : ९८५१०९६४१०



## कतारमा बैदेशिक रोजगारीको अवसर

कम्पनीको नाम: BLUE OCEAN INTERNATIONA WLL    कम्पनीको ठेगाना: DOHA, QATAR

पूर्व स्विकृती मिति : २०७९-०३-२१    लट नं.: २६६६५२    चलानी नं. ६०१८२५६९

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलव QR | मासिक तलव NPR | न्युनतम योग्यता | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाने बस्ने सुबिधा | करार अवधि | कामदार छनौट तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleanng Worker (Female) | 1 | 1200 | 41622 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ बर्ष | अन्तर्वार्ता |
| 2 | Painter | 1 | 1500 | 52028 | | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनी मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसल दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | रु ७००, कामदार आफै | कामदार आफै |

अन्तवार्ता हुने स्थान र मिति: KATHMANDU OFFICE - 13-07-2022, 10 AM

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GOOD LIFE INTERNATIONAL
EMPLOYMENT AGENCY NEPAL PVT. LTD. (Lic No.: 17/047/048)
KATHMANDU-31, GYAWALI MARGA, OLD BANESHWOR, KATHMANDU
TEL: 01-4486511, E: info@goodlifenepal.com, W: www.goodlifenepal.com



भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले, भुम्लु, काभ्रेपलान्चोक
अनुसूची -९
(नियम ७ को उपनियम (२) सँग सम्बन्धित )

**भुम्लु गाउँपालिका भएर बग्ने सुनकोशी र इन्द्रावती नदीको बगर क्षेत्रवाट विभिन्न ९ वटा प्याकेजहरुको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी र वालुवा) को दिगो रुपमा उत्खनन्, संकलन तथा ढुवानी कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारी गर्न राय सुझाव संकलन सम्वन्धि सूचना**

प्रकाशित मिति : २०७९/०३/२२

बागमती प्रदेशको काभ्रेपलान्चोक जिल्लाको भुम्लु गाउँपालिका, वडा नं १, ६, ७, ८, ९ र १० अन्तर्गत पर्ने सुनकोशी र इन्द्रावती नदीको बगर क्षेत्रवाट विभिन्न ९ वटा प्याकेजहरूको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी र वालुवा) को दिगो रूपमा उत्खनन्, संकलन तथा ढुवानी कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारी गर्ने सिलसिलामा भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>सल्ले, भुम्लु, काभ्रेपलान्चोक<br>cadbhumlumun.gov.np, सम्पर्क नम्बर: |
| प्रस्तावको व्यहोरा | प्रस्तावित बगर क्षेत्र वाट विभिन्न ९ वटा प्याकेजहरूको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी र वालुवा) को दिगो रूपमा उत्खनन्, संकलन तथा दुवानी कार्य गरिने छ। |
| प्रभाव पर्न सक्ने जिल्ला /.न.पा./गा.पा. | काभ्रेपलान्चोक जिल्ला, भुम्लु गाउँपालिका, वडा नं १, ६, ७, ८, ९ र १० |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली विच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन् अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>सल्ले, भुम्लु, काभ्रेपलान्चोक<br>cad.bhumlumun@gmail.com, सम्पर्क नम्बर: ९८५१२१९६५३ |
| परामर्शदाताको नाम र ठेगाना | अपि प्वाइन्ट - अपि प्वाइन्ट एग्रो फरेस्ट्री-सुक्लाफाँटा जे. भि.<br>बबरमहल, काठमाण्डौ consult.api.point@gmail.com<br>०१-५३४४६४५, ९८५१२४७२६१ |



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस MAW Engineering Pvt Ltd कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा विक्रि मूल्य (MRP) निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | इकाई | प्रति इकाई मुल्य | प्रति एकाई अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONER | N/A | TRANE | MWC028AMRNNANNCC | 0.8 T | CHINA | PCS | 102000 | 102000 | |
| 2 | AIR CONDITIONER | N/A | TRANE | MWC036AMRNNANNCC | 1.02 T | CHINA | PCS | 103000 | 103000 | |
| 3 | AIR CONDITIONER | N/A | TRANE | MWC045AMRNNANNCC | 1.27 T | CHINA | PCS | 104000 | 104000 | |
| 4 | AIR CONDITIONER | N/A | TRANE | MWC056AMRNNANNCC | 1.59 T | CHINA | PCS | 105000 | 105000 | |
| 5 | AIR CONDITIONER | N/A | TRANE | MWC071AMRNNANNCC | 2.02 T | CHINA | PCS | 112000 | 112000 | |
| 6 | AIR CONDITIONER | N/A | TRANE | MWC080AMRNNANNCC | 2.22 T | CHINA | PCS | 115000 | 115000 | |
| 7 | AIR CONDITIONER | N/A | TRANE | MWC090AMNNNBNNAC | 2.5 T | CHINA | PCS | 126000 | 126000 | |
| 8 | AIR CONDITIONER | N/A | TRANE | MWW028BMNNNBNNBC | 0.8 T | CHINA | PCS | 99000 | 99000 | |
| 9 | AIR CONDITIONER | N/A | TRANE | MWD200AMHNNBCLNC | 5.5 T | CHINA | PCS | 255000 | 255000 | |
| 10 | AIR CONDITIONER | N/A | TRANE | MWW051BMNNNBNNBC | 1.42 T | CHINA | PCS | 107000 | 107000 | |
| 11 | AIR CONDITIONER | N/A | TRANE | TMR120ADHCNBC | 12 HP | CHINA | PCS | 1056000 | 1056000 | |
| 12 | AIR CONDITIONER | N/A | TRANE | TMR100ADHCNBC | 10 HP | CHINA | PCS | 940000 | 940000 | |
| 13 | AIR CONDITIONER | N/A | TRANE | TMR220ADHCNBC | 22 HP | CHINA | PCS | 1771000 | 1771000 | |

बिक्रेता फर्मको नाम : MAW Engineering Pvt Ltd.    स्थायी लेखा नं. : 600804406
ठेगाना : Kathmandu, Nepal    फोन नं. : 9801236002



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IFAD CONTRACTORS COMPANY LTD

पूर्व स्वीकृति मिति : २०७८/१२/०९    पुन विज्ञापन स्वीकृति मिति: २०७९/03/२१    LT. No.259574    चलानी नं. ६०१७६५०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 7 | 0 | 1000 | ३३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार २९ गते (13th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd.    श्रम इजाजत नं. ५३२/०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :JAR TRADING CONTRACTING & HOSPITALITY W.L.L.

पूर्व स्वीकृति मिति २०७९/03/२०    LT. No.266594    चलानी नं.६०१८२५५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour Services | 3 | 0 | 1000 | ३४,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Marketing Represent | 1 | 0 | 2100 | ७२,९७५ | | | | | | | |
| 3 | Administrative Supervisor | 1 | 0 | 2500 | ८६,८७५ | | | | | | | |
| 4 | Waiter | 1 | 0 | 1400 | ४८,६५० | | | | | | | |
| 5 | General Supervisor | 1 | 0 | 2500 | ८६,८७५ | | | | | | | |
| 6 | Carpenter | 1 | 0 | 1200 | ४१,७०० | | | | | | | |
| 7 | Account Cost Of Production Clerk | 1 | 0 | 3600 | १२६,१०० | | | | | | | |
| 8 | Supervisor | 1 | 0 | 2500 | ८६,८७५ | | | | | | | |
| 9 | Executive Sales | 1 | 0 | 2100 | ७२,९७५ | | | | | | | |
| 10 | Account Bookeeper | 1 | 0 | 3600 | १२६,१०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार २९ गते (13th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Red Panda International Overseas Pvt. Ltd.
P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LYCORA SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/03/२१    LT. No. 266611    चलानी नं.60182604

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : L H B TIMBER SDN BHD
पूर्व स्वीकृति मिति २०७९/03/२१    LT. No. 266650    चलानी नं.601812608

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 30 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MEGA SAMARA SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/03/२१    LT. No. 266439    चलानी नं.60182606

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Workers | 200 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GOLDHILL FORTUNE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/03/२१    LT. No. 266610    चलानी नं.60182605

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 24 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LEONG HUAT TIEN GUAN TRADING SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/03/२१    LT. No. 266651    चलानी नं.60182607

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 13 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, अन्तिम मिति: असार २९ गते (13th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले    सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Meridian Overseas Pvt. Ltd.    श्रम इजाजत नं. ६१३/०६२/०६३
Bashundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९७३०० | प्रति तोला – ९७८०० | प्रति तोला – १२४५ |



शुक्लाफाँटा नगरपालिका–२, रानीपुरका किसान बीउ उखेलेर रोपाइँ गर्न लैजाँदै । वर्षा नहुँदा किसान पम्पसेटबाट रोपाइँ गर्न बाध्य छन् । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# मौद्रिक नीति आफ्नै तवरको ल्याउने राष्ट्र बैंकको तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिका लागि विभिन्न क्षेत्र, समुह र वर्गबाट सुझाव संकलन गरे पनि सो सुझाव अनुसार मौद्रिक नीति भने नआउने पक्कापक्की भएको छ । देशमा विदेशी मुद्राको सञ्चिति शून्यतर्फ गएको र आर्थिक संकटको डिलमा देश पुगेका कारण राष्ट्र बैंकले सो समस्याको समधान गर्ने नीति ल्याउने भएको छ ।

राष्ट्र बैंकमा जम्मा भएको सुझाव अनुसार मौद्रिक नीति ल्याएको खण्डमा देशको अर्थतन्त्र सुन्यमा पुग्ने र सो शुन्यल(ई माथी उठाउन नसकिने भएकाले सुझाव संकलन गरेपनि बैंकले देशको अर्थतन्त्रको समस्या समधान गर्ने नीति ल्याउने केन्द्रीय बैंकका एक अधिकारीले बताए ।

देशको आर्थिक समस्या देखिएपछि भने नियामक निकाय राष्ट्र बैंक र बैंकरहरू एकअर्कालाई दोषापरोण गर्दै बसेको अबस्थामा मौद्रिक नीति कडाई आउने बताइएको छ । राष्ट्र बैंक स्रोतका अनुसार बैंकहरूले मुनाफामुखी मात्रै भएर कर्जा लगानी गरेका कारणले गर्दा पनि निर्यातमा भन्दा पनि आयातमा वृद्धि हुन पुगेको राष्ट्र बैंकले जनाएको छ । कोभिडलगत्तैको लक(डाउनपछि पनि व्यापार, व्यवसाय उत्थानकै लागि नीतिगत समाधानको माग भइरहेकाले त्यसतर्फ पनि नीतिले सम्बोधन गर्ने भने बताइएको छ ।

बजेटमार्फत् आउनुपर्ने अर्थनीतिले उत्थानको भार आफूले लिने प्रयास नगरेका कारण सबै भार राष्ट्र बैंकको मौद्रिक नीतिमा थोपरिन गएको समेत बैंकको दाबी रहेको छ । २०७८ भदौमा निजी क्षेत्रतर्फको कर्जा प्रवाह वार्षिक ३२ प्रतिशत दरमा वृद्धि भएको थियो । वार्षिक १९ प्रतिशतको कर्जा वृद्धि लक्ष्य लिइएको थियो । सेयर धितोमा, घरजग्गामा र उपभोग नखुल्ने अन्य कर्जाहरूमा समेत लगानी वृद्धि भएको पाइएको छ ।



चालु आर्थिक वर्षको वैशाखसम्म बैंकहरूको कुल कर्जा लगानीको १९ प्रतिशत (आठ खर्ब ९३ अर्ब रूपैयाँ) उपभोगमा आधारित कर्जा गएको देखिएको छ । बैंकिङ प्रणालीबाट वितरण गरिएको सहुलियतले अधिकतम लाभ कुनै खास वर्गलाई मात्र भएको समेत राष्ट्र बैंकको ठहर रहेको छ । अहिले पनि ठूला वाणिज्य बैंकहरूले आफ्ना बीस ठूला व्यक्तिगत ग्राहकमा गर्ने कर्जा लगानी उनीहरूले प्रवाह गर्ने कुल कर्जा लगानीको २० प्रतिशत बराबर रहेको । ब्याज अनुदान लगायतमा यिनै ठूला ऋणीहरूको हाि(लमुहाली रहेको छ ।

कृषि ब्याज अनुदानको रकम समेत ठूला व्यापारीको पोल्टामा परेको छ । गत चैतसम्मकै तथ्यांक हेर्दा पनि कतिपय बैंकले जोखिमका आधारमा राख्नुपर्ने ११ प्रतिशत पुँजी कोष अनुपात समेत नराखेको पाइएको छ । राष्ट्र बैंकले लघुवित्त कम्पनीहरूलाई २० प्रतिशतभन्दा बढी प्रतिफल वितरण गर्नु परे उक्त सीमाभन्दा बढी हुने रकमको ५० प्रतिशत ग्राहक संरक्षण कोषमा राख्नुपर्ने व्यवस्था गरेको छ । यसले पनि यस्ता संस्थाको उच्च लाभांश वितरणलाई प्रभावित पार्न सकेको छैन ।

अहिले अवस्था पूरै नबिग्रि सकेको बताएपनि देशको अर्थतन्त्र नाजुक रहेको राष्ट्र बैंकको ठहर रहेको छ । चालु आर्थिक वर्षभरिको कारोबार अवस्था देखाउने वासलात बनाउँदा खराब कर्जा लुकाउने प्र(वृत्ति हटाउन र यथार्थ अवस्था देखाउने गरी वित्तीय विवरण ल्याउन राष्ट्र बैंकले निर्देशन दिएको छ । मौद्रिक नीतिबाटै राष्ट्र बैंक ब्याजदर बढाउने तयारी गरेको छ । कोभि(डक्रममा राहत स्वरूप ल्याइएको अनिवार्य नगद मौज्दात (सिआरआर) ३ प्रतिशतबाट बढाएर कम्तीमा पाँच प्रतिशतसम्म तोक्ने तयारी राष्ट्र बैंकले गरेको छ ।

राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूले अन्तिम विकल्पका रूपमा पाउने स्थाथी तरलता सुविधा (एसएलएफ) को ब्याजदर बढाउने तयारी भएको छ । यो दर हाल ७ प्रतिशत रहेको छ । बीचमा यो दर ६ प्रतिशतमा झारिएको थियो । पछिल्लो समय पेट्रोलियम पद्धार्थको मूल्यवृद्धि र कर्जाको बढ्दो ब्याजदरले व्यवसायको लागत बढ्दै गएको छ । अर्थतन्त्रलाई थप समस्याबाट जोगाउन ब्याजदर बढाएर मात्र नहुने तर्क समेत हुदै आएको छ । आगामी बजेटले भने यसको विपरीत करिब नौ खर्ब कर्जा वृद्धिको लक्ष्य लिएको छ ।

बजेटले लिएको आठ प्रतिशतको वृद्धिको लक्ष्य भेट्न कम्तीमा पनि नौ खर्ब बराबरको कर्जा लगानी हुनुपर्छ । गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्रको दबाबलाई निकास दिनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति आउने बताउदै आएका छन् । गभर्नर अधिकारीले अहिले अर्थतन्त्रमा परेको प्रभावलाई सम्बोधन गर्न विश्वका अर्थशास्त्रीहरूले ल्या(एका सिद्धान्तहरू नै यो वर्ष प्रयोग हुने अवस्था आएको बताएका छन् ।

उनले मौद्रिक नीति सकेसम्म अहिले अर्थतन्त्रमा परेको प्रभावलाई निकास दिनेगरी कसरी ल्याउने बताउदै मौद्रिक नीतिले करको विषयमा केही नगर्ने समेत उनले बताए । गभर्नर अधिकारीले मौद्रिक नीति ल्याएपछि त्यसको कार्यान्वयन मुख्य कुरा भएको भन्दै गत वर्ष ल्याएका प्रत्येक नीति अहिले प्रमाणित र कार्यान्वयन भइरहेको दाबी गरे । उनले मौद्रिक नीति ल्याउँदा व्यक्ति व्यक्तिको पछि लागेर सम्भव नहुने भन्दै भोलिको बजारलाई सहज, समग्र अर्थतन्त्रलाई सही बाटोमा राख्ने र अर्थतन्त्र(को समग्र प्रणालीलाई स्थायीत्व दिने राष्ट्र बैंकले तयारी गरिरहेको बताए ।

# नेप्सेको ओरालो यात्रा कायमै

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) कारोबारमा निरन्तर रूपमा ओरालो लाग्ने क्रम रोकिएको छैन । यस साताको तेस्रो दिन अर्थात मंगलबार कारोबारको दिन उच्च अंकले गिरावट आएको छ । मंगलबार नेप्से ४६ दशमलव ८ अंकले घटेर दुई हजार ३० दशमलव ५९ बिन्दुमा पुगेर बन्द भएको हो । सोमबार नेप्से ९ दशमलव ७५ अंकले घटेर दुई हजार ७६ दशमलव ६७ बिन्दुमा पुगेर बन्द भएको नेस्सेले जनाएको छ ।

मंगलबार सेयर बजार घटेसँगै कारोबार रकममा गिरावट आएको छ । मंगलबार नेप्सेमा २ अर्ब ९६ करोड ८४ लाख रूपैयाँ बराबरको कारोबार भएको छ । सोमबार नेप्सेमा ४ अर्ब ३४ करोड ९२ लाख रूपैयाँ बराबरको कारोबार भएको थियो । मंगलबार कारोबार भएका १७ कम्पनीको सेयरमूल्य बढेको छ भने १७५ कम्पनीको सेयरमूल्य घटेको छ । यसमध्ये दुई कम्पनीको सेयरमूल्यमा उच्च वृद्धि भएको छ । सिवाईसी लघुवित्त वित्तीय संस्थाको सेयरमूल्य १० प्रतिशतले बढेर प्रतिकित्ता १५४३.९० रूपैयाँ पुगेको छ भने ङादी ग्रुप पावरको सेयरमूल्य मंगलबार ९.९७ प्रतिशतले बढेर प्रति(कित्ता ३१८.८० रूपैयाँ पुगेको छ ।

नेप्सेका अनुसार घलेम्दी हाइड्रोका लगानीकत(र्हिरूले सर्वाधिक गुमाएका छन् । यसको सेयरमूल्य ६ प्रतिशत भन्दा बढीले घटेको छ । त्यस्तै, कारोबारको आधारमा आज सबैभन्दा बढी सानिमा बैंकको प्रोमेटर सेयरको भएको छ । यसको आज ३० करोड २० लाख भन्दा बढीको कारोबार भएको छ ।

# विदेशी कम्पनीलाई पाँच अर्बसम्मको ठेक्का नदिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली निर्माण व्यवसायीलाई फाईदा पुग्ने गरी सरकारले अब ५ अर्ब रूपैयाँसम्मको ठेक्का विदेश कम्पनीलाई नदिने निर्णय गरेको छ ।

स्वदेशी निर्माण व्यवसायीहरूले एकल वा संयुक्त उपक्रम बनाएर राष्ट्रिय प्रतिस्पर्धा (एनसीबी) मा भाग लिएर काम गर्न पाउने व्यवस्था मिलाएको सरकारले जनाएको छ । अब यो रकमसम्मको कुनै पनि परियोजनामा अब विदेशी निम(र्ाण कम्पनीले भाग लिन पाउने बाटो पूर्णरूपमा बन्द भएको छ । तर, ५ अर्ब रूपैयाँभन्दा माथिको ठेक्कामा भने अन्तरराष्ट्रिय प्रतिस्पर्धा (आईसीबी) नै गराउनु पर्ने व्यवस्था गरेको छ । तर सो ठेक्कामा विदेशी मुद्रामा भने भुक्तानी लैजान नपाउने सर्त बनाइएको छ ।

विदेशी मुद्रामा भुक्तानी लैजान नपाउने भएपछि विदेशी कम्पनीले ठेक्कामा भाग लिने सम्भावना कम हुदै जाने समेत बताइएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद नियमावली (बाह्रौं) संशोधन गरेर हालको ३ अर्ब रूपैयाँको सीमा बढाएर ५ अर्ब रूपैयाँ बनाएसंगै सो व्यवस्था मिलाएको हो । यो व्यवस्थाअनुसार अब ५ अर्बमाथिका ठेक्कामा मात्रै अब विदेशी कम्पनी सहभागी हुन बाध्यबारी व्यवस्था कायम गरेको छ । ठेक्काको क्रेडिट लाइनको व्यवस्थालाई पनि हटाइएको छ ।

सरकारबाट भुक्तानी नभएसम्मका लागि नियमित खर्च तथा भुक्तानीका लागि बैंकबाट छोटो समयका लागि निर्माण कम्पनीले लिने गरेको क्रेटिड लाइनको व्यवस्थालाई हटाइएको हो । यस्तो कर्जा उपलब्ध गराइदिनका लागि बैंकका अधिकारीहरूले कमिशन माग्ने विकृती मौलाएपछि निर्माण व्यवसायीहरूले क्रेडिट लाइनको व्यवस्था समेत खारेज गर्नका लागि माग गर्दै आएका थिए ।

व्यवसायीहरूकै माग अनुसार सरकारले खरिद नियमावली संशोधन गरेर क्रेडिट लाइनको व्यवस्था हटाईएको जनाएको छ । यससंगै सबै ठेक्काका लागि एक वर्ष समय पनि थपिएको छ । आर्थिक व्ययभार नथपिने गरी २०८० असार मसान्तसम्म म्याद थप गर्ने गर्न सक्ने व्यवस्था गरिएको छ । ३० दिनभित्र म्याद थपको निर्णय नगर्ने पदाधिक(ारी वा कर्मचारीलाई तालुक निकायले कानुनबमोजिम विभागीय कारबाही गर्नुपर्ने समेत जनाएको छ ।

खरिद सम्झौताको अवधि समाप्त भएको वा २०७९ साल असार मसान्तसम्म खरिद सम्झौताको अवधि समाप्त हुने तर खरिद सम्झौता बमोजिम काम सम्पन्न नभएको वा हुन नसक्ने अवस्थामा रहेको ठेक्काहरूको मात्र म्याद थप हुने व्यवस्था मिलाएको छ । यो नियम प्रारम्भ हुनुअघि अवधि थपका लागि सार्वजनिक निकाय समक्ष निवेदन परी सो सम्बन्धमा कुनै निर्णय नभएको निर्माण कार्यको हकमा सम्बन्धित निर्माण व्यवसायीले यो नियम प्रारम्भ भएको २१ दिनभित्र संशोधित कार्यातालिका सहित सम्झौताको अवधि थप गर्नका लागि सम्बन्धित निकायमा निवेदन दिनुपर्ने व्यवस्था गरेको छ ।

खरिद सम्झौता गरेका निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचवटा बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र सम्बन्धित सार्वजनिक निकायलाई जानकारी गराउनु पर्ने व्यवस्था गरिएको छ । सचिव वा विशिष्ट श्रेणीको प्रशासकीय प्रमुखले आफ्नो कार्यालयको लागि गरिने खरिदका लागि आशयपत्र माग गर्दा एक तहमाथि(को अधिकारीको स्वीकृति लिनुपर्ने व्य(वस्थालाई हटाइएको छ अब सो स्वीकृत लिन नपर्ने भएको छ ।

निर्माण व्यवसायीको ठेक्काका लागि चाहिने योग्यतामा पनि संशोधन गरिएको छ । दुई करोड रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तिमा ४० प्रतिशत रकमबराबरको एउटा र पाँच करोड रूपैयाँभन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तिमा ६० प्रतिशत रकम बराबरको एउटाको अनुभव हुन पर्ने उल्लेख गरेको छ ।

## विज्ञापनबापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव दैनिकमा** विज्ञापन प्रकाशित गरी भुक्तानी गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेबापत तिर्न बुझाउँनुपर्ने हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार २६** गतेभित्र भुक्तानी गरी हिसाब फरफारक गर्नहुन सूचित गरिन्छ ।

उक्त अवधिभित्र पनि हिसाब फर्स्योट तथा फरफारक नगरेमा यस **प्रभाव दैनिकको** रेकर्डमा देखिएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधासमेत उपलब्ध नहुने साथै हिसाब फरफारक नगर्ने विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूको नाम सार्वजनिक गरी रकम असुल उपरका लागि कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरासमेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव राष्ट्रिय दैनिक**
**सिफल ८, काठमाडौं**
**फोन नं. : ०१-४३७३५७**
**Email : marketing2prabhab@gmail.com**

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बु, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ